# निर्वाचन पर्यवेक्षण प्रतिवेदन

**(पहिलो र दोश्रो चरणको स्थानीय तह निर्वाचन, २०७४ पर्यवेक्षण)**






**पेश गर्ने संस्था**

सामूहिक अभियान

कालिमाटी, काठमाण्डौं

फोन नं. ०१-५१६५१२३/५१६५००३

इमेल: mail@samuhikabhiyan.org.np


**पेश गरिएको निकाय**

निर्वाचन आयोग, नेपाल

बहादुर भवन, काठमाण्डौं

## धन्यवाद ज्ञापन

नेपालमा लामो समयदेखि हुन नसकेको स्थानीय तहको निर्वाचन प्रदेश नं. २ वाहेक ६ वटा प्रदेशहरुको निर्वाचन हालै सम्पन्न भएको छ । हाम्रो देश नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र प्रवेश पश्चात सम्पन्न यी दुई चरणको निर्वाचन एक ऐतिहासिक घडीको रुपमा रहेको थियो । यस निर्वाचनले लामो समयदेखि खाली रहेको स्थानीय तहको विकास प्रक्रियालाई जनप्रतिनिधि मार्फत अगाडि वढाई संघीय संरचनाको अभ्यास प्रारम्भ भएको छ । पक्कै पनि निर्वाचन एक जटिल प्रक्रिया हुने भएता पनि हालसम्म सम्पन्न निर्वाचन शान्तिपूर्ण र नेपाली मतदाताहरुको सक्रिय सहभागिताले यस निर्वाचनले बैधानिकता प्राप्त गरेको छ । निर्वाचनको स्वतन्त्रता र निष्पक्षतालाई मापन गर्नका लागि विश्वव्यापी रुपमा तेश्रो पक्षबाट गरिने पर्यवेक्षण कार्य हालै सम्पन्न निर्वाचनमा पनि प्रयोग गरिएको थियो ।  यसका लागि निर्वाचन आयोगले  विभिन्न संघ संस्थाहरुलाई जिम्मेवारी दिएकोमा यस सामूहिक अभियानलाई समेत पर्यवेक्षण कार्यमा सहभागी गराईएकोमा यस संस्था निर्वाचन आयोगप्रति आभारका साथै धन्यवाद ज्ञापन गर्दछ । पर्यवेक्षण कार्यलाई प्रभावकारी बनाउन निर्वाचन आयोगका कर्मचारीहरु विशेष गरी शाखा अधिकृत नम्रता चुडाल लगायतको टिमबाट प्राप्त भएको सहयोग सल्लाह सह्रानीय रहयो । जसबाट आगामी दिनमा हुने निर्वाचनसँग सम्बद्ध कार्यहरु गर्न उत्साहित बनाएको छ ।

साथै यस कार्यलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि निर्वाचन पर्यवेक्षणमा रुची राखी स्वयंसेवी भई विभिन्न निर्वाचन केन्द्रहरुमा निर्वाचन प्रर्यवेक्षण गरी प्रतिवेदन पेश गर्नुहुने सम्पूर्ण पर्यवेक्षकहरुलाई यस संस्था हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

पर्यवेक्षण कार्यलाई आन्तरिक रुपमा व्यवस्थापन गर्ने कार्य जटिल रहेकोमा यस कार्यलाई सम्पन्न गर्न अहोरात्र खटनुहुने सामूहिक अभियानका कर्मचारी प्रकाश सुवेदी, युवलाल पौडेल, दीपक श्रेष्ठ, संगिता दाहाल तथा सिताराम श्रेष्ठ र संस्थाका सदस्यहरु प्रति आभार प्रकट गर्दै प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने महानुभावहरु प्रति सामूहिक अभियान कृतज्ञ हुँदै आगामी दिनमा समेत सहयोगको अपेक्षा गर्दछ ।

धन्यवाद ।

टेकदत्त रेग्मी
अध्यक्ष
सामूहिक अभियान

## विषय सूची

धन्यवाद ज्ञापन

क) कार्यकारी सारांश ....... १

ख) पृष्ठभूमी र परिचय ....... १

१. पर्यवेक्षणका तयारी ....... १

२. उद्देश्य ....... २

३. महत्व ....... २

४. पर्यवेक्षण गरिएका भौगोलिक अवस्था र स्थानीय निकाय ....... ३

५. पर्यवेक्षण संस्थाको संरचना र प्रशासनिक व्यवस्था ....... ५

ग) प्रकृया/विधि ....... ६

१. तथ्याङ्क संकलनका तरिका/विधि ....... ६

२. तथ्याङ्कका प्रकृति ....... ६

३. तथ्याङ्कका अनुवाद र विश्लेषणको विधि ....... ६

घ) तथ्याङ्क, तथ्य र विश्लेषण ....... ६

१. मतदाता पूर्वका दिन ....... ६

२. मतदानका दिन ....... ६

३. मतदान पश्चातका दिन ....... ७

ङ) मुख्य खोज र निष्कर्स ....... ७

च) सुझाव तथा सिफारिसहरु ....... ७

छ) निर्वाचन आयोग र निर्वाचन पर्यवेक्षण संस्थाका लागि निर्वाचन पर्यवेक्षणबाट सिकाइ र चुनौतीहरु ....... ८

अनुसूचीहरु ....... ९

पर्यवेक्षण कार्ययोजना ....... ९

पर्यवेक्षकहरुको विस्तृत विवरण र पर्यवेक्षण गरिएका मतदान स्थल/मतदान केन्द्र का सूची ....... 10

पहिलो चरणको निर्वाचन पर्यवेक्षण ....... १०

दोश्रो चरणको निर्वाचन पर्यवेक्षण ....... १४

पर्यवेक्षण सूची/प्रश्नावलीहरु ....... १७

वित्तीय प्रतिवेदन ....... २०

## क) कार्यकारी सारांश

लोकतन्त्र प्रवर्द्धन गर्नको लागि निर्वाचन अपरिहार्य हुन्छ । त्यसैले निर्वाचनलाई लोकतन्त्रको आधार स्तम्भ मानिन्छ । आवधिक निर्वाचनले नै लोकतन्त्रलाई सुदृढ बनाउँछ । कुनै पनि देशमा हुने निर्वाचन स्वच्छ र स्वतन्त्र प्रमाणित हुनुपर्दछ । निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचनलाइ स्वच्छ र स्वतन्त्र, बनाउनका लागि कानूनले निर्धारण गरेका प्रक्रिया र मापदण्डहरुको पालना भएका कुरा पर्यवेक्षणको माध्यमबाट समेत सुनिश्चित गर्ने मुख्य लक्ष्य राखेको छ । जसबाट निर्वाचनका परिणामको स्वीकार्यतालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अभिवृद्धि गर्ने, गोप्य मतदान बाहेकका निर्वाचनका अन्य प्रक्रियाहरुलाई अधिकतम पारदर्शी बनाउने, निर्वाचनका सरोकारवालाहरुसँगको समन्वय र सहभागिता वृद्धि गर्ने, आयोगको क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार एवं सवलीकरण गर्ने, पर्यवेक्षण कार्यलाइ प्रभावकारी, व्यवस्थित र मर्यादित बनाउन यस कार्यमा संलग्न पर्यवेक्षकहरुको क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिएको छ ।

यस पृष्ठभूमिमा नेपालमा राजनीतिक परिवर्तनसंगै दुई दशक पछि भईरहेको स्थानीय निर्वाचन २०७४ लाई स्वच्छ,  स्वतन्त्र, र निष्पक्षबनाउनका लागि निर्वाचन आयोगले निर्वाचनको पर्यवेक्षण गर्न राष्ट्रिय संस्थालाई आव्हान गरी योग्य संस्थाहरुलाई उक्त कार्यको जिम्मेवारी प्रदान गरिएको थियो । यस कार्यका लागि विकासको क्षेत्रमा दुई दशकभन्दा बढी संलग्न संस्था सामूहिक अभियानलाई यो अवसर प्रदान गरिएको र निर्वाचन आयोगको निर्देशन र नेपालमा निर्वाचन पर्यवेक्षण सम्वन्धि नीति र निर्देशनलाई पालना गर्दै स्थानीय निर्वाचन २०७४ अन्तर्गत पहिलो चरणमा प्रदेश नं. ३, ४ र ६ तथा दोस्रो चरणमा प्रदेश नं. १, ५, ७ मा सम्पन्न निर्वाचनमा सामूहिक अभियानले आफना पर्यवेक्षकहरुलाई परिचालन गरी निर्वाचनको पर्यवेक्षण कार्यलाई सफलताका साथ सम्पन्न गरेको छ ।

## ख) पृष्ठभूमि र परिचय

### १. पर्यवेक्षणका तयारी

सामूहिक अभियानले निर्वाचनको पर्यवेक्षण गर्नका लागि संस्थागत निर्णय गरी यसलाई व्यवस्थित गर्न आवश्यक जिम्मेवारी बाँडफाड गर्दै कार्यलाई अगाडि बढाएको थियो । यस अन्तर्गत सामूहिक अभियानले आफनो नेटवर्कको प्रयोग गर्दै पर्यवेक्षण नीतिले किटान गरेको योग्य व्यक्तिहरुलाई जानकारी गराउँदै ईच्छुक व्यक्तिहरुको नामावली तयार गरिएको थियो । तयार नामावली अनुसार निर्वाचन आयोगले तोकिएको ढाँचामा आफ्नो जानकारी भर्न र आवश्यक कागजात संकलन गरिएको थियो । यसरी संकलित पर्यवेक्षकहरुको विवरणलाई सामूहिक अभियानले पुनर्जाच गरी निर्वाचन आयोगले प्रदान गरेको पोर्टलमा पर्यवेक्षकहरुको सूचनालाई परिविष्ट गरिएको थियो । निर्वाचन आयोगले सम्पूर्ण कागजात समावेश भएका व्यक्तिहरुलाई पर्यवेक्षणको स्विकृति दिई सामूहिक अभियानलाई जानकारी दिएकोमा उक्त व्यक्तिहरुको पर्यवेक्षणको लागि परिचयपत्र प्रदान गरिएको थियो । पर्यवेक्षण कार्यलाई प्रभावकारी बनाउनका लागि सामूहिक अभियानले

पर्यवेक्षणहरुलाई पर्यवेक्षण सम्वन्धि नीतिनियम, आचारसंहिता उपलव्ध गराउनुको साथै कार्यालयमा पर्यवेक्षण अभिमुखिकरण गरिएको थियो । साथै कार्यालयमा रहेको डेस्कले आवश्यकता अनुसार विभिन्न ठाउँमा संलग्न पर्यवेक्षकहरुसंग सम्पर्कमा रही आवश्यक सहयोग प्रदान गरेको थियो ।



## २. उद्देश्य

यस पर्यवेक्षण कार्यको उद्देश्य निम्न रहेको थियो:

- निर्वाचनको स्वच्छ र निष्पक्षताका लागि निर्वाचन आयोगलाई सहयोग गर्ने,
- निर्वाचन स्थलको स्थलगत अवलोकन गरी उक्त स्थानको निर्वाचन व्यवस्थापनको जानकारी प्राप्त गर्ने,
- भविष्यमा निर्वाचनलाई अझ प्रभावकारी बनाउनका लागि निर्वाचन आयोगलाई आवश्यक सल्लाह सुझाव प्रदान गर्ने ।


## ३. महत्व

लोकतान्त्रिक प्रक्रियालाई संस्थागत गर्न निर्वाचन अपरिहार्य हुने भएकोले आवधिक निर्वाचनको महत्व हुन्छ । यसरी गरिने निर्वाचन कतिको स्वच्छ र निष्पक्ष भयो भन्ने कुरालाई पुष्टि गर्नका लागि विभिन्न प्रक्रिया अपनाईन्छ र यस मध्ये निर्वाचनको पर्यवेक्षण एक महत्वपूर्ण प्रक्रियाको रुपमा रहदै आएको छ । यस्तो महत्वपूर्ण प्रक्रियालाई यसको मर्म र भावनालाई आत्मसात गरी आफनो जिम्मेवारी पूरा गर्न जरुरी हुन्छ । यसै महत्वलाई मनन गरी सामूहिक अभियानले पर्यवेक्षणको जिम्मेवारीलाई महत्व दिएको छ ।


## ४. पर्यवेक्षण गरिएका भौगोलिक अवस्था र स्थानीय निकाय

सामूहिक अभियानले पहिलो चरणमा सम्पन्न गरिएको प्रदेश नं. ३, ४ र ६ का १३ जिल्लाहरुमा पर्यवेक्षण गरेको थियो । पर्यवेक्षण गरिएका जिल्लाहरुमा ११ वटा पहाडी, एउटा हिमाली र एक तराईका जिल्ला रहेका थिए ।

यसैगरी संस्थाले दोश्रो चरणमा सम्पन्न गरिएको प्रदेश नं. १, ५ र ७ का २० जिल्लाहरुमा पर्यवेक्षण गरेको छ । पर्यवेक्षण गरिएका जिल्लाहरुमा १० वटा पहाडी, २ हिमाली र ८ तराईका जिल्ला रहेका थिए ।




पर्यवेक्षण गरिएको स्थानीय तह अन्तर्गत पहिलो चरणको निर्वाचनमा ३ महानगरपालिका, एक उपमहानगरपालिका, १८ वटा नगरपालिका र ३ गाउँपालिकाहरुको कूल ११७ मतदान केन्द्रहरुमा गई पर्यवेक्षण गरिएको थियो । साथै दोश्रो चरणको निर्वाचन अन्तर्गत ३ उपमहानगरपालिका, २६ नगरपालिका र १६ गाउँ पालिकाहरुको कूल ७५ मतदान केन्द्रहरुको पर्यवेक्षण गरिएको थियो ।




पहिलो र दोश्रो चरणका निर्वाचनमा यस संस्थाबाट कूल ११० जना पर्यवेक्षकहरु परिचालित भएको थियो । कूल पर्यवेक्षकहरुमा महिला २४ जना र पुरुष ८६ जना रहेका थियो ।




संस्थाबाट प्रदेशगत पर्यवेक्षण गरिएको विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

| प्रदेश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ७ | २५ | ३२ |
| ३ | १० | ४१ | ५१ |
| ४ | ० | २ | २ |
| ५ | ५ | ८ | १३ |
| ७ | २ | १० | १२ |
| जम्मा | २४ | ८६ | ११० |

## ५. पर्यवेक्षण संस्थाको संरचना र प्रशासनिक व्यवस्था

निर्वाचन आयोगले आव्हान गरे बमोजिम निर्वाचन पर्यवेक्षणका लागि सामूहिक अभियानले आवेदन दिईएकोमा पर्यवेक्षणको लागि छनोट भएको थियो । यसरी छनोट भएको यस सामूहिक अभियान विक्रम सम्वत २०४९ साल श्रावण ४ गते काठमाण्डौं जिल्लामा गैरसरकारी संस्था ऐन २०३४ अनुसार दर्ता भई नेपालमा विभिन्न क्षेत्रमा काम गर्दै आएको छ । सामूहिक अभियानको संस्थागत संरचनालाई तल प्रस्तुत गरिएको छः



## ग) प्रकृया/विधि

### १. तथ्याङ्क संकलनका तरिका/विधि

पर्यवेक्षणहरुलाई तथ्यांङ्क संकलन गर्नका लागि सामूहिक अभियानले एक प्रतिवेदन खाका तयार गरी अभिमुखिकरण गरिएको थियो । निर्वाचन आयोगले तयार गरेको प्रतिवेदन खाकामा थप केही सूचनाहरु समाहित गरी उक्त प्रतिवेदन खाका सम्पूर्ण पर्यवेक्षकहरुलाई उपलव्ध गराईएको थियो । प्रतिवेदनका लागि संख्यात्मक र गुणात्मक दुवै सूचनालाई संकलन गरिएको थियो ।

### २. तथ्याङ्कका प्रकृति

पर्यवेक्षणका लागि तोकिएको निर्वाचन केन्द्रहरुमा कूल मतदाता संख्याको जानकारी द्बितिय तथ्याङ्कबाट लिईएको थियो भने पर्यवेक्षणको दौरानमा मतदान भएको संख्या, सुरक्षामा खटिएका टोली, कर्मचारीको संख्या सम्वन्धी तथ्याङ्क प्रत्यक्ष संकलन गरिएको थियो ।

### ३. तथ्याङ्कका अनुवाद र विश्लेषणको विधि

पर्यवेक्षकहरुबाट प्राप्त प्रतिवेदनमा उल्लेख भएका संख्यात्मक तथ्याङ्कलाई एकमुष्ट गरी विश्लेषण गरियो । पर्यवेक्षकहरुबाट आएका गुणात्मक जानकारीहरुलाई समष्टी गरी विश्लेषण गरिएको थियो ।

## घ) तथ्याङ्क, तथ्य र विश्लेषण

### १. मतदाता पूर्वका दिन

पर्यवेक्षकहरुले आफनो उपयुक्त मतदान स्थलहरुमा मतदानको लागि के कस्तो तयारी भएको छ भनी मतदान अधिकृतहरुसंग आवश्यक जानकारी लिईएको थियो । यस क्रममा खटिएका कर्मचारीहरु, सुरक्षाकर्मीहरु र मतदान स्थलहरुको तथ्याङ्क लिईएको थियो ।

### २. मतदानका दिन

पर्यवेक्षकहरुले मतदानको दिन मतदान शुरुको अवस्थादेखि मतदान संचालन गरेको अवस्था र मतदान समाप्तिको प्रक्रियामा समेत पर्यवेक्षकहरुबाट अवलोकन गरिएको थियो ।

### ३. मतदान पश्चातका दिन

मतदान पश्चात केही पर्यवेक्षकहरुबाट मतगणना प्रक्रियामा समेत संलग्नता भएको थियो । मतगणनाको लागि पर्यवेक्षकलाई प्राय जसो जिल्लामा प्रवेश गर्न दिईएको थियो । तर कतिपय जिल्लाका मतगणना स्थलमा भने प्रवेश अनुमति नदिएका गुनासो पर्यबेक्षकबाट आएको थियो ।

## ङ) मुख्य खोज र निष्कर्स

सामूहिक अभियान मार्फत परिचालित पर्यवेक्षकहरुको प्रतिवेदनलाई अध्ययन र विश्लेषण गर्दा पर्यवेक्षण गरिएका सम्पूर्ण मतदान केन्द्रहरुमा निर्वाचन स्वच्छ र निष्पक्ष रुपमा सम्पन्न भएको पाईयो । राजनीतिक दलहरुवीच सौहार्दपूर्ण वातावरण देखिएको, निर्वाचनमा खटिएका कर्मचारीहरुले आफनो जिम्मेवारीलाई पूर्ण रुपमा पालना गरेको र सुरक्षा निकायबाट शान्ति सुरक्षाका लागि सचेत रहेको पाईयो । पर्यवेक्षणको क्रममा बालवालिकाहरुको प्रयोग गरिएको पाईएन । विजय जुलुसहरु भने बालवालिकाहरु समेत सहभागिता रहेको केही स्थानहरुमा पाईयो ।

## च) सुझाव तथा सिफारिसहरु

- मतपत्रको साइज अनुसारको टेवल तथा अन्य सामग्री व्यवस्थापन गर्नुपर्ने ।
- मतपत्रमा चिन्ह र Background paper को तालमेल मिलाउनु पर्ने चिन्ह गाढा निलो र Background paper सेतो भए राम्रो ।
- मतदान स्थलहरु छनोट गर्दा सकेसम्म भवन भएको स्थानलाई प्राथमिकता दिनु पर्ने देखिन्छ ।
- मतदान प्रक्रियामा खटिने सवै कर्मचारी र सुरक्षा कर्मचारी लाई एकै प्रकारको र एकै स्थानमा तालिम वा अभिमुखिकरण गर्नु पर्ने देखिन्छ ।
- मतदान केन्द्रमा खानेपानी र स्थायी नभएको अवस्थामा अस्थायी शौचालयको व्यवस्था र पानी र चर्को घामबाट बच्नका लागि पालको व्यवस्था गर्नुपर्ने ।
- मतदाता शिक्षा कार्यक्रमका लागि गैरसरकारी संस्थाहरुको परिचालनलाई प्राथमिकता दिनु राम्रो हुने देखिन्छ ।
- काठमाडौमा रहेका मतदान केन्द्रमा निर्वाचन प्रक्रियामा धाँधली र अनियमतता हुने सम्भावना न्यून भएको हुनाले सिमित संख्यामा पर्यवेक्षण गराइ अन्य दुर्गम क्षेत्रमा बढाउँदा अझै प्रभावकारी हुन्छ ।
- अनावश्यक निर्वाचन चिन्ह हटाउने ।
- सवारी पासलाई सहज र संस्थाको आधारमा उपलव्ध गराउनु पर्ने ।
- मतदान समाप्त भएपछि प्रष्टसंग सवैलाई भेला गराई जानकारी तथा तथ्याङ्क प्रदानको व्यवस्था गरे जानकारी संकलनमा सहजता हुने ।
- संवेदनशील ठाउँ हेरी सुरक्षा व्यवस्था गर्नुपर्ने ।
- स्वयंसेवक परिचालनको संख्या थप्नुपर्ने ।

## छ) निर्वाचन आयोग र निर्वाचन पर्यवेक्षण संस्थाका लागि निर्वाचन पर्यवेक्षणबाट सिकाइ र चुनौतीहरु

### सिकाई

- तेस्रो पक्षबाट हुने पर्यवेक्षणले निर्वाचनको निष्पक्षताको पुष्टि हुने,
- निर्वाचन आयोगलाई स्थानीय तहको जानकारी तेस्रो पक्षबाट सहज र तथ्यपरक प्रमाणीकरण हुने ।

### चुनौतीहरु

- निर्वाचन पर्यवेक्षण संस्थालाई टाढा टाढाको निर्वाचन केन्द्रमा पर्यवेक्षण गर्न स्रोत र साधनको अभाव
- सुगम ठाउँमा पर्यवेक्षकहरु बढी हुनाले व्यवस्थापनमा कठिनाई
- राजनीतिक दल र अन्य निकायबाट मतदाता शिक्षालाई प्रभावकारी बनाउन निर्वाचन आयोगलाई कठिनाई
- निर्वाचन आयोगका कर्मचारीलाई एकै सूचना वारम्वार पर्यवेक्षकले जानकारी लिने गर्दा सूचना प्रवाहमा कठिनाई
- निर्वाचन आयोगबाट पर्यवेक्षकहरुको भूमिकाबारे सवै कर्मचारीहरु र सुरक्षाकर्मीलाई जानकारी गराउन कठिनाई ।



❖

# अनुसूचीहरु

## पर्यवेक्षण कार्ययोजना

| क.सं. | क्रियाकलाप | चैत्र, २०७३ (साता) | | | वैशाख, २०७४ | | | | जेठ, २०७४ | | | | असार, २०७४ | | | | श्रावण, २०७४ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दोश्रो | तेस्रो | चौथो | पहिलो | दोश्रो | तेस्रो | चौथो | पहिलो | दोश्रो | तेस्रो | चौथो | पहिलो | दोश्रो | तेस्रो | चौथो | पहिलो | दोश्रो |
| १ | पर्यवेक्षणका लागि निर्वाचन आयोगमा निवेदन पेश | | | | | | | | | | | | | | | | | |
| २ | स्विकृत प्राप्त | | | | | | | | | | | | | | | | | |
| ३ | निर्वाचन आयोगको अभिमुखीकरणमा सहभागिता | | | | | | | | | | | | | | | | | |
| ४ | पर्यवेक्षकहरुको लागि सूचना प्रदान | | | | | | | | | | | | | | | | | |
| ५ | पर्यवेक्षकहरुको सूची तयार | | | | | | | | | | | | | | | | | |
| ६ | पर्यवेक्षकहरुको विवरण निर्वाचन आयोगको वेभमा प्रविष्ट | | | | | | | | | | | | | | | | | |
| ७ | पर्यवेक्षकहरुलाई अभिमुखिकरण | | | | | | | | | | | | | | | | | |
| ८ | पर्यवेक्षकहरुलाई जिम्मेवारीको जानकारी र सामग्री उपलब्ध | | | | | | | | | | | | | | | | | |
| ९ | पर्यवेक्षकहरुसंग सम्पर्क | | | | | | | | | | | | | | | | | |
| १० | पर्यवेक्षकहरुबाट प्रतिवेदन संकलन र विश्लेषण | | | | | | | | | | | | | | | | | |
| ११ | ड्राफट प्रतिवेदन तयारी | | | | | | | | | | | | | | | | | |
| १२ | ड्राफट प्रतिवेदन पेश | | | | | | | | | | | | | | | | | |
| १३ | अन्तिम प्रतिवेदन तयारी र पेश | | | | | | | | | | | | | | | | | |
| १४ | पर्यवेक्षण कार्यको संस्थागत समीक्षा | | | | | | | | | | | | | | | | | |

## पर्यवेक्षकहरुको विस्तृत विवरण र पर्यवेक्षण गरिएका मतदान स्थल/मतदान केन्द्र का सूची

### पहिलो चरणको निर्वाचन पर्यवेक्षण

| क्र.स | नाम | जिल्ला | मतदान केन्द्र १ | मतदान केन्द्र २ |
|---|---|---|---|---|
| १ | हिक्मत बहादुर जेठारा | काठमाडौं | नारायण मा.वि, मच्छेगाँउ | गाम्चा भवन केन्द्र, किर्तिपुर |
| २ | संगिता दाहाल | काठमाडौं | जनउद्धार मा.वि, नागार्जुन | कामनपा १५ भुईखेल |
| ३ | यूवलाल प्रसाद पौडेल | चितवन | देव ज्योति नि.मा.वि, भरतपुर, ६ | आ.वि बाह्रघरे भरतपुर, ३ |
| ४ | केशव बहादुर कुँवर | काठमाडौं | नवज्योति आधाभुत विद्यालय पाङ्गा, किर्तिपुर | वडा कार्यालय भवन लाछी चौक, पाङ्गा |
| ५ | केदार नाथ प्याकुरेल | काभ्रे | कालिदेवि मा.वि डाँडागाँउ धुलिखेल न.पा ११ | मधुरापाटी मा.वि फुलवारी नमोवुद्ध न.पा १ |
| ६ | सिता घिमिरे | काठमाडौं | ज्योति प्र.वि नागार्जुन ६ | |
| ७ | सालिक राम कालाथोकि | काठमाडौं | जनपथ स्कुल का.म.न.पा १४ | ब्लुरेन स्कुलका.म.न.पा १४ |
| | | | सरस्वति निकेतन का.म.न.पा १२ | |
| ८ | हिमालय राज घिमिरे | भक्तपुर | गणेश मन्दिर चित्रपुर | अरनिको उच्च मा.वि |
| | | | सोम लिङ्गेश्वर नि.मा.वि. सिरुटार | साविक सिरुटार गा.वि.स. भवन |
| ९ | भगवति नेपाल | काठमाडौं | श्री कान्ति भैरव मा.वि थली | आदर्श मा.वि कागेश्वरी मनहरा ३ भद्रवास |
| १० | सिताराम श्रेष्ठ | दोलखा | भिम उ.मा.वि दोलखा २ | त्रिपुरा उ.मा.वि भिमेश्वर न.पा २ |
| ११ | चन्द्रकला चुडाल | भक्तपुर | लोकन्थली | आदर्श मा.वि सानोठिमि |
| १२ | उमानाथ लामिछाने | काठमाडौं | वाल सुधार मा.वि गोकर्नेश्वर २ | राम जानकी प्रा.वि वडा नं १ |
| १३ | दिपक कुमार श्रेष्ठ | काठमाडौं | कस्मिक मा वि कोटेश्वर | कोटदेवी, जडिवुटी |
| | | | एस ओ यस बाल ग्राम कोटेश्वर | |
| १४ | इन्द्र बहादुर कार्कि | काठमाडौं | रेडयो मनिटरिङ टावर, किर्तिपुर चोभार | वडा कार्यालय भवन जलविनायक , किर्तिपुर |
| १५ | प्रकाश सुवेदी | चितवन | भरतपुर महानगरपालिका पारस नगर | राष्ट्रिय मा.वि गौरीगंज |

| | | | | |
|---|---|---|---|---|
| १६ | मोहन बहादुर कार्कि | काठमाडौं | जलविनाएक वडा कार्यालय किर्तिपुर न.पा ६ | रेडियो स्टेशन किर्तिपुर न.पा ६ |
| १७ | राधा कुमारी शर्मा | चितवन | लंकु मा.वि ,भरतपुर | राष्ट्रिय मा.वि चितवन भरतपुर तोरीखेत |
| १८ | बेद प्रसाद सापकोटा | भक्तपुर | महेन्द्र नि.मा.वि कटुञ्जे | गा.वि.स भवन कटुञ्जे सु.न.पा |
| | | | ए.जे बोडिङ स्कुल सु.न.पा | सिपाडोल गा.वि.स भवन |
| १९ | शिव पोखरेल | काठमाडौं | वाल वोध मा.वि,नागार्जुन | |
| २० | अमिर महर्जन | ललितुर | प्रभात मा.वि न्यागल १७ ललितपुर | गुईटोल ललितपुर ८ |
| २१ | जयराम संजेल | काभ्रे | रत्न चुण्डेश्वर वनेपा न.पा २ | गा.वि.स भवन वनेपा १ काभ्रे |
| २२ | केशव प्रसाद भट्टराई | मकवानपुर | नवज्याति  स्कुल हेटौडा | |
| २३ | मुना न्यौपाने | रामेछाप | बाकि मेरी रामेछाप | |
| २४ | निरनमान स्थापित | काठमाडौं | देवढोका वडा न.२ किर्तिपुर | किर्तिपुर न.पा ३ |
| २५ | तारा अधिकारी | काठमाडौं | टोखा नगरपालिका ६ | टोखा नगरपालिका ५ |
| २६ | यादव नेपाल | धादिङ | श्री सरस्वति नि.मा.वि निलकण्ठ न.पा १४ | सोह्रधर आ.वि निलकण्ठ २ धादिङ |
| २७ | बासुदेव घिमिरे | सिन्धुली | कमलामाइ न पा खम्बेचौर | कमला मा वि कमलामाइ नपा |
| २८ | शिखा गरुवाचार्य | काठमाडौं | कोटेश्वर सरस्वती मा.वि का.म.न.पा ३२ | |
| २९ | दिनेश दाहाल | काठमाडौं | ज्योति प्र.वि नागार्जुन ६ | सितापाईला मा.वि. नागार्जुन ५ |
| ३० | शंकर कुमार श्रेष्ठ | काठमाडौं | विजय स्मारक विद्यालय डिल्लीबजार कामनपा २८ | पदम कन्या विद्यालय कामनपा २८ |
| | | | चारखाल अड्डा कामनपा २८ | पदम कन्या क्याम्पस कामनपा २९ |
| | | | बाल्मिकी क्याम्पस कामनपा २९ | मयुर कुण्ड मैतिदेवी मन्दिर कामनपा ३० |
| | | | धर्मशाला मैतिदेवी मन्दिर कामनपा ३० | |
| ३१ | श्रेय प्रसाद काफ्ले | काभ्रे | जनकल्याण मा.वि नमोवुद्ध २ | रोसी प्रा.वि नमोवुद्ध ६ |
| ३२ | विवेक कार्कि | काठमाडौं | देउखेल पांगा,किर्तिपुर | वैष्णवि मा.वि भाजंगल किर्तिपुर न.पा |
| | | | नवज्योति आ.वि पागाँ किर्तिपुर | |
| ३३ | विपिन कार्कि | काठमाडौं | विद्याश्रम आ.वि किर्तिपुर | किर्तिपुर मा.वि बाहिरी गाँउ |

| | | | | |
|---|---|---|---|---|
| ३४ | अर्जुन श्रेष्ठ | ललितपुर | महालक्ष्मी नपा | सूर्योदय प्रा. वि. |
| ३५ | मदन सापकोटा | चितवन | वडा कार्यालय भवन,भरतपुर शान्तिचोक | कृष्णपुर ,भरतपुर |
| ३६ | मिका रिमाल | नुवाकोट | तिनधारे मा.वि विदुर नुवाकोट | मान्द्रेढुङ्गा प्रा.वि विदुर नुवाकोट |
| ३७ | कपिल न्यौपाने | काठमाडौं | चामुण्डा उ.मा.वि गोकर्णेश्वर न.पा. ६ | संयुक्त वडा कार्यालय गोकर्णेश्वर न.पा. ५) |
| | | | इष्टपोल स्कूल गोकर्णेश्वर न.पा.५ | महेन्द्र बौद्ध उच्चमाध्यमिक विद्यालय (वडा नं. ६) |
| ३८ | नरेश ढुङ्गेल | भक्तपुर | भक्तपुर बहुमुखि क्याम्पस भक्तपुर | ए.जे वोडिङ स्कुल भक्तपुर |
| ३९ | श्याम कृष्ण मास्के | भक्तपुर | नगरपालिका भवन भक्तपुर १० | सरस्वति मा.वि भक्तपुर ९ |
| | | | कृष्ण मखिरिपाटि चागुनारायण न.पा | बालकुमारी म.थि न.पा |
| ४० | सुमन विक्रम थापा | सिन्धुली | खनियाखर्क मा.वि गोलन्जर सिन्धुली | |
| ४१ | शरद चन्द्र न्यौपाने | काठमाडौं | शान्ति छात्राबास, बुढानिलकण्ठ नगरपालिका, ९ | शान्ति आदर्श मा वि, तारकेश्वर नगरपालिका ५ |
| | | | भाग्योदय मा वि, शंकरापुर नगरपालिका ६ | कालिकाशरण मावि, शंकरापुर न पा ३ |
| | | | नविनग्राम शिक्षा मन्दिर, शंकरापुर न पा १ | इन्द्रायणी गाविस भवन, शंकरापुर न पा ९ |
| | | | चलन्टार नि मा वि, डांछी, कागेश्वरी मनहरा न पा ४ | |
| ४२ | समिर पौजू | काठमाडौं | सरस्वति मा.वि कोटेश्वर | नेपाल कमर्श क्याम्पस वानेश्वर |
| | | | ज्ञान निकेतन स्कुल शंखमुल | केन्द्रिय सहकारी प्रशिक्षण केन्द्र वानेश्वर |
| ४३ | याम बहादुर मेधासी | पर्वत | नवजागृत मा.वि किलाहर, मोदि गा.पा ६ | सरस्वती मा.वि मोदि गा.पा २ |
| ४४ | नवराज कार्कि | काठमाडौं | देउखेल पांगा, किर्तिपुर | विद्याश्रम आ.वि |
| ४५ | पुर्ण चन्द्र काफ्ले | काभ्रे | मयूरपाटि मा.वि नमोवुद्ध न.पा १ काभ्रे | जनकल्याण मा.वि नमोवुद्ध न.पा २ काभ्रे |
| ४६ | निरकमल आचार्य | ललितपुर | सिता वाल विकास केन्द्र | |
| ४७ | नबिन कुमार पाठक | काठमाडौं | इचंगु ३ महादेव चौर नागार्जन न.पा | |
| ४८ | श्याम कृण्ण महर्जन | काठमाडौं | इचंगु ३ महादेव चौर नागार्जन न.पा | |

| | | | | |
|---|---|---|---|---|
| ४९ | कर्ण बहादुर दरै | तनहुँ | गणेश आधारभूत विद्यालय, दुम्सीकोट | |
| ५० | सुरेन्द्र वज्राचार्य | काठमाडौं | मयूरवर्ण भिन्छेवहाल ७ ललितपुर म.न.पा | |
| ५१ | कमल पौडेल | चितवन | अरुणोदय स्कुल भरतपुर ६ गितानगर | चमेलि देवि प्रिया रा.आ.वि भरतपुर ३ |
| ५२ | तेज बहादुर थिङ | मकवानपुर | प्रभात मा.वि हेटौडा १२ | |
| ५३ | संगिता गिरी | काठमाडौं | रत्न राज्य मा.वि नागार्जुन न.पा | सिताराम उ.मा वि डाडापौवा नागार्जन न.पा ६ |



## दोश्रो चरणको निर्वाचन पर्यवेक्षण

| क.स | नाम | जिल्ला | मतदान केन्द्र १ | मतदान केन्द्र २ |
|---|---|---|---|---|
| १ | इन्दिरा का]इराला | झापा | कलबलगुडी आवसीय विद्यालय | भागवती स्कुल |
| २ | इन्दु प्रसाद घिमिरे | ओखलढुङ्गा | श्रीजनजनजिवन मा.वि लिखु गाँउ पा | |
| ३ | जिवन कुमार राइ | धनकुटा | भाषा मा.वि कागते ३ धनकुटा न.पा | पुर्वाञ्चल क्षेत्रीय व्यवसाय तालिम केन्द्र |
| ४ | नारायण पाेखेल | प्यूठान | जनजागृती प्रा.वि., अर्वाङ | जनता मा.वि., सोलहाल्ना |
| ५ | नविन पाेखेल | दाङ्ग | कोलही लमही न.पा देउखुरी | मौरीघाट उ.मा.वि |
| ६ | त्रिलाेचन शमा खनाल | दाङ्ग | लमही न.पा वडा नं. ५ | सर्वोदय प्रा.वि गडवा गाँ.पा |
| ७ | झविन्द्रप्रसाद अधिकारी | दाङ्ग | त्रिशक्ति नि.मा.वि बुद्धभुमि न.पा | |
| ८ | धमराज उपाध्यय | कैलाली | जनता राष्टिय मा.वि कैलाली गाँउ | जनता राष्टिय मा.वि राजपुर कैलाली |
| ९ | पुरुषाेत्तम गाैतम | धनकुटा | वाल पञ्च मा.वि पाख्रिवास वडा न. २ | |
| १० | रणजीत कुमार पाेदार | सुनसरी | सावित्रि आ.वि लौकहि कोसी गाँ.पा | |
| ११ | सन्ताेषबाबु भट्टराई | धनकुटा | सरस्वती मा.वि निगाले महालक्ष्मि न.पा | |
| १२ | रमा खनाल | कैलाली | विरेन्द्र विद्यामन्दिर उ.मा.वि टिकापुर | |
| १३ | राेशन चाैहान | इलाम | भगवती मा.वि गोलाखर्क इलाम न.पा | |
| १४ | नन्द कुमार बानियाँ | ताप्लेजुङ | सिम्वु मा.वि तेम्वेवा | युवावर्ष मा.वि |
| १५ | राजकुमार बानियाँ | ताप्लेजुङ | सामुदायिक भवन सिटिहल फुङलिुङ | |
| १६ | चन्द्र प्रकाश भट्टराइ | ताप्लेजुङ | बालसुवोधिरी मा.वि मेढिवुङ | |
| १७ | दिवश भण्डारी | ताप्लेजुङ | निलगिरी मा.वि मेहेले | |
| १८ | राम कुमार प्याकुरेल | झापा | ढुकुर पानी मा वि दमक न पा | |
| १९ | टिका अधिकारी लामिछाने | धनकुटा | श्री नागेश्वर उच्च मा.वि लेगुवा | |
| २० | भगवता कालाथाेकी | दाङ्ग | जनता उच्च मा.वि गढवा | दुर्गा आधारभुत वि.मनिकापुर चिलिया |

| | | | | |
|---|---|---|---|---|
| | | | गाँ.पा | गढवा गाँ.पा |
| २१ | नरेश ढुङ्गेल | कैलाली | त्रिभुवन उच्च मा.वि वटनपुर कैलाली | |
| २२ | द्वारीका प्रसाद भण्डारी | कैलाली | राष्टिय नि.मा.वि अरुणफाँट | |
| २३ | लिला सिटौला | झापा | दुर्गादेवी प्रा.वि जामवाडी गौरादह | |
| २४ | केशव बहादुर कुँवर | कञ्चनपुर | श्री वैजनाथ मा.वि वनकट्टी १४ | सिद्धनाथ मा.वि वडैपुर भि.न.पा १३ |
| २५ | करुणा बराल | कैलाली | जनता राष्टिय मा.वि कैलाली सुनाहाफाट | |
| २६ | जयपूण भुजेल | धनकुटा | धनकुटा न.पा बिहीवारे हटिया | |
| २७ | अभिसा खड्का | झापा | जानकी नि.मा.वि सुकेडाडी कन्काई | |
| २८ | राजकुमार बानियाँ | पाँचथर | सत्यहाङया मा.वि फागुनन्द गाँ.पा | |
| २९ | दयानन्द जोशी | बैतडी | जोसिबुङ मा.वि दशरथचन्द न.पा | |
| ३० | लोक बहादुर खड्का | धनकुटा | वडा कार्यालय वेल्हारा | |
| ३१ | विनोद गौतम | धनकुटा | अन्पूर्ण उच्च मा.वि पाखिवास नगरपालिका | |
| ३२ | चन्द्र प्रकाश मिश्र | अर्धाखाँची | सिद्ध ने.रा.मा.वि मेरङ्ग मालारानी १ गाँ.पा | |
| ३३ | गीता पौडेल | अर्धाखाँची | सरस्वती मा.वि, सुर्यथुम छत्रदेव गाँ,पा ८ | |
| ३४ | विमला के सी | अर्धाखाँची | छत्रदेव गाँ.पा ३ दुन्द्रुक | |
| ३५ | पुर्णिमा न्यौपाने | अर्धाखाँची | छत्रदेव गाँ.पा ३ दुन्द्रुक | |
| ३६ | सालिक राम कालाथोको | दाङ्ग | सरस्वती मा.वि, काठेखोलथान घोराही उ.म.न.पा | वेलघारी आधारभुत विद्यालय वेलघारी घोराही उ.म.न.पा |
| ३७ | सुस्मिता बुढाथोकी | धनकुटा | खार्सा छिङताङ सहिद भुमि गा.पा | |
| ३८ | मोहन बास्तोला | धनकुटा | वडा कार्यालय वेल्हारा | |
| ३९ | समिर पौजू | धनकुटा | त्रीवेणी उच्च मा.वि हुलाकटोल | |
| ४० | उमा नाथ लामीछाने | धनकुटा | पञ्च कन्या आधारभुत विद्यालय म ल न पा | |
| ४१ | देवेन्द्र रावत | कन्चनपुर | गौरी शंकर मा वि. पुनर्वास | पुनर्वास जनता मा वि टाउन |
| ४२ | बाबुराम राई | भोजपुर | नवदुर्गा मावि, भोजपुर | |

| | | | | |
|---|---|---|---|---|
| ४३ | हिमालय राज घिमिरे | ओखलढुङ्गा | ताम्केडाँडा चम्पादेवी गाँ.पा | |
| ४४ | खगेन्द्र खडका | भोजपुर | सिद्धेश्वर उ मा वि वडा नं ४ | पञ्चकन्या नि.मा.वि |
| ४५ | लक्ष्मी नारायण मिश्र | तेह्रथुम | जिल्ला समन्वय समिति भवन वडा नं १ | सिंह वाहिनि मा.वि वडा नं २ |
| | | | नागदह प्रा.वि वडा नं ३ | वाड नं ४ कार्यालय |
| ४६ | फूलमाया लामगादे | इलाम | शारदा आधारभुत वि घुमाउने माईजोगमाई गाँ.पा | नामसालि मा.वि शुक्रवारे |
| ४७ | टिकाराम श्रेष्ठ | भोजपुर | वडा कार्यालय | |
| ४८ | अजुन श्रेष्ठ | धनकुटा | सिंहेदवि आधारभुत वि महालक्ष्मी न.पा ४ | |
| ४९ | दुगादत पन्त | दार्चुला | श्री कृष्ण मा.वि लाली,लेकम गाउँपालिक | श्री केदार प्र.वि रतौडा |
| ५० | भुवन राज जोशी | बैतडी | केदार नि.मा.वि लाडासौ दशरथचन्द न.पा | |
| ५१ | श्रीधर खनाल | पाल्पा | रिब्दिकोट गाँ.पा बर्जाडा | |
| ५२ | उध्दव प्रसाद घिमिरे | ओखलढुङ्गा | गोल्मा दवी मा.वि पलापु | |
| ५३ | नन्द कुमार थारु | बाँके | श्री सिद्धार्थ आारभुत विद्यालय रभ्केना कोहलपुर | जनता मा.वि मैतहवा |
| ५४ | कृष्णराज पन्त | दार्चुला | सोमनाथ प्रा वि मालिकार्जुन गा पा | शंकरापुर मा वि |
| ५५ | भवानी प्रसाद पाण्डे | रुपन्देही | लुम्बीनी बाणिव्य क्याम्पस बुटबल नपा | |
| ५६ | मनिष थापा | कैलाली | श्री कर्णाली उ.मा.वि | |
| ५७ | निरञ्जन पाण्डे | रुपन्देही | इलाक बन कार्यालय रुपन्देही | |

## पर्यवेक्षण सूची/प्रश्नावलीहरु

## निर्वाचन आयोग/सामूहिक अभियान

**पर्यवेक्षकले मतदानको दिन देहाय बमोजिमका चेकलिष्टलाई आधार मानी पर्यवेक्षण कार्य गर्नुपर्दछ।**

क) पर्यवेक्षण गरिएको स्थान:
जिल्ला:
महानगर/उपमहानगर/नगर/गाउँ पालिका: मतदान केन्द्र:

१. मतदान स्थलमा पर्यवेक्षक पुगेका समय र प्रस्थान गरेको समय:
मतदान शुरु भएको समय:
२. मतदान स्थल बाहिरका अवलोकन
(क) प्रचार प्रसार सामग्री देखिन्छन/देखिदैनन ? देखिए कति दुरीमा छन
(ख) प्रचार प्रसार भइरहेको छ/छैन
(ग) मतदातालाई भय त्रास सिर्जना छ/छैन
(घ) मतदान स्थलसम्म आइ पुग्न सहज छ/छैन
(ङ) अन्य कुनै समस्या छ/छैन
३. मतदाता नामावली
(क) कूल मतदाता कति छन
(ख) मतदान स्थलमा रहँदासम्म जम्मा कति मतदाताले मतदान गरे
४. मतदान स्थल भित्रको वातावरण र अवस्था
(क) उम्मेदवारहरुका प्रचार प्रसार सामग्री त्यहिबाट देखिन्छन वा देखिदैनन
(ख) मतदाता पूर्ण भयमुक्त छन/छैनन
(ग) मतदातालाई प्रभाव पार्ने काम कुनै तरिकाले भइरहेका छ/छैनन
(घ) कुनै तनावयुक्त वातावरण छ/छैन
(ङ) मतदान स्थल भित्रको प्रवेशमा अनुमती छ/छैन
(च) आवश्यक सूचना मतदान अधिकृतले दिए वा दिएनन
(छ) अन्य कुनै समस्या देखिए कि
(ज) अनधिकृत व्यक्तिहरुका उपस्थिति छ/छैन
(झ) आवश्यक कर्मचारीका व्यवस्था छ/छैन
(ञ) मतदान केन्द्रका भौतिक पूर्वाधारका अवस्था सामान्य छ/छैन
(ट) मतदान प्रतिनिधिहरुको उपस्थिति छ/छैन
५. सुरक्षा व्यवस्था
(क) सुरक्षा व्यवस्था सामान्य वा कमजोर के छ ?
(ख) सुरक्षा व्यवस्था प्रहरी, म्यादी प्रहरी, सशस्त्र प्रहरी वा सेना कस्ले गरेको छ ?
६. निर्वाचन सामग्री
(क) आवश्यक निर्वाचन सामग्री छन/छैनन
(ख) कुन सामग्री अपुग वा छुटेका छ कि

७. मतदान प्रक्रिया

(क) मतदाताको आवश्यक पहिचान गरिएको छ/छैन

(ख) मतदाताले आफनो पहिचानका लागि परिचयपत्र प्रस्तुत गरेका छन/छैनन

(ग) मतदाता नामावलीमा चिनो लगाइएका छ/छैन

(घ) मतदातालाई हस्ताक्षर वा ल्याप्चे लगाएर मतपत्र दिइएको छ/छैन

(ङ) नङमा मसी लगाइएको छ/छैन

(च) कुनै अशक्त वा थाहा नभएका मतदातालाइ मतदान अधिकृत वा कर्मचारीले आवश्यक सहयोग पुऱ्याएका छन/छैनन

(छ) गोप्य मतदानको सुनिश्चितता छ/छैन

(ज) महिला/पुरुष/तेस्रो लिङ्गीका स्पष्ट संख्या थाहा हुने गरी तथ्याङ्क फाराम भरिएको छ/छैन

(झ) मतदाता आफैले मतपेटिकामा मत खसालेको छन/छैनन

(ञ) मतपत्र सुल्टा गरी दिएको छ/छैन र मतदान सामग्रीहरु ठिक ठाउँमा राखिएका छ/छैन

८. मतदान समाप्ति

(क) मतदान केन्द्र भित्र मतदान गर्न लाईनमा बसेका छन/छैनन

(ख) मतदानको समय समाप्त भएपछि मतदान गर्न आएका व्यक्तिलाई मतदान गर्न दिइएका छ/छैन

(ग) मतपत्रहरुका तेरिज (विवरण) तयार पारियो/पारिएन

(घ) मतदान प्रक्रिया कति वजे सम्पन्न भयो?

९. मतपेटिका ढुवानी

(क) मतदान केन्द्रबाट मतगणना स्थलसम्म सुरक्षित तवरले मतपेटिका लगायतका सामाग्री ढुवानी भए, भएनन

(ख) मतपेटिकासाथ उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि साथ लग्ने भयो/भएन ।

१०. मतगणना पूर्व तयारी

(क) आवश्यक सुरक्षा प्रबन्ध छ/छैन,

(ख) मतगणना हुने स्थल र समयका सूचना प्रकाशन गरिएको छ/छैन

(ग) सब मतपेटिकाहरु प्राप्त भएपछि मात्र मतगणना शुरु गरियो/गरिएन,

(घ) मतगणना प्रारम्भ अघि दल तथा उम्मेदवारहरुका प्रतिनिधिहरुको बैठक बसी सहमति पत्र तयार भयो/भएन

(ङ) मतगणना स्थलमा उम्मेदवारहरुका मतगणना प्रतिनिधिहरुको उपस्थिति छ/छैन

११. मतगणना अवधि

(क) मतपेटिकामा लगाएको सुरक्षणसील ठीक अवस्थामा छन/छैनन

(ख) मतपेटिका खोल्दा पारर्शीता अपनाईयो/अपनाइएन

(ग) मतपेटिका भित्रको कूल मतपत्रको एकिन गरी गणना प्रारम्भ भयो/भएन

(घ) मतगणना गर्दा मतपत्रको आवश्यक सुरक्षा हुने गरी गणनामा पारदर्शिता अपनाइयो/अपनाइएन

(ङ) मतपत्रालई सदर/वदर छुटयाउँदा सही विधि अपनाइयो/अपनाइएन

(च) एउटा वडा भित्रको दुइ वा दुई भन्दा बढी मतदान केन्द्रका मतपत्रहरु एक आपसमा मिसाइ गणना गरियो/गरिएन

(छ) मतगणना प्रक्रियाका चरणहरुलाई पूर्ण रुपमा पालना गरियो/गरिएन

(ज) गणना गरेका मतपत्रहरुको मुचुल्का गराइ खाम बन्दी गराईयो/गराइएन

(झ) गणनाको अन्तिम समयसम्म आधिकारिक व्यक्तिहरको उपस्थिति रहयो/रहेनन

१२. मतगणना समाप्ति र परिणाम घोषणा
(क) विधिसम्मत ढंगल मतगणना सकियो/सकिएन
(ख) तालिकीकरण गरी परिणाम घोषण गरियो/गरिएन
(ग) परिणामका जानकारी सार्वजनिक भयो/भएन
(घ) मतगणनासम्बन्धी उजुरीहरुका सुनुवाइ गरियो/गरिएन

१३. अन्य व्यवस्था
(क) मतदान केन्द्रमा अन्य राष्ट्रिय पर्यवेक्षकहरुको उपस्थिति छ/छैन

१४) चेकलिष्टमा नसमेटिका तर उल्लेख गर्नुपर्ने विषयहरुः

१५) सुझाव तथा सिफारिसहरुः

१६) निर्वाचन आयोग र निर्वाचन पर्यवेक्षण संस्थाका लागि निर्वाचन पर्यवेक्षणबाट सिकाइ र चुनौतीहरुः

पर्यवेक्षकको नामः
सम्पर्क नं.
इमेलः

थप केही जानकारी उल्लेख गर्नुपर्ने भए पछाडीको पाना वा थप पानामा उल्लेख गर्नुहोला ।

## वित्तीय प्रतिवेदन

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | ज्याकेट | ३५,००० |
| २ | अभिमुखिकरण | ४,५०० |
| ३ | यातायत/खाजा | ५४,००० |
| ४ | संचार खर्च | १०,००० |
| ५ | स्टेशनरी | ५,००० |
| ६ | प्रिन्ट फोटोकपी | १०,००० |
| ७ | प्रतिवेदन तयारी | १०,००० |
|  | **जम्मा** | **१२८,५००** |

❖